प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, झापा

कोशी प्रदेश, नेपाल

## कष्टम हायरीङ सेन्टर सुचिकृत हुने सम्बन्धि सूचना

## प्रथम पटक प्रकाशित मिति २०८२/०५/०९

कृषि ज्ञान केन्द्र, झापाको चालु आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार कृषि प्रसार कार्यक्रम संचालन नर्मस (पहिलो संशोधन) २०८० अनुसार "**कष्टम हायरीङ सेन्टर मार्फत यन्त्रिकरण प्रवर्द्धन कार्यक्रम र प्रविधि प्रदर्शन कार्यक्रमका लागि आवश्यक पर्ने मेशिनरी/औजार सेवाका लागि झापा जिल्लमा स्थापना भई संचालनमा रहेका ईच्छुक कष्टम हायरीङ सेन्टरहरुलाई यो सुचना प्रकाशित भएको मितिले २१ दिन (२०८२/०५/२९ गते) भित्र** तपसिलमा उल्लेखित कागजात सहित यस कार्यालयमा सुचिकृत हुन आह्वान गरिन्छ ।

**तपसिल**

१. संस्था सुचिकृत गरि पाउँ भन्ने व्यहोराको निवेदन तथा समितिको निर्णय ।

२. संस्था दर्ता/नवीकरण, स्थायी लेखा नं. र आ.व. २०८१/८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।

२. कष्टम हायरीङ सेन्टर संचालन सम्बन्धमा निवेदक संस्थाले तयार गरेको कष्टम हायरीङ सेन्टर संचालन सम्बन्धि बिधान/निर्देशिका/कार्यविधिको प्रतिलिपी ।

३. कष्टम हायरीङ सेन्टरमा उपलव्ध मेशिनरी औजारको नाम, प्रकार, संख्या तथा प्राविधिक जनशक्तिको उपलब्धता सम्वन्धि विवरण ।

४. चालु आ.व. २०८२/०८३ मा कष्टम हायरीङ सेन्टरवाट निवेदक संस्थाले पुर्याउन सक्ने सेवा (जस्तै मेशिनको प्रयोगवाट धानको नर्सरी तयारी देखि धान रोपाई सम्मका कार्यहरु, शुन्य/कम खनजोत विधिवाट बाली/बीउ रोपाई र हार्भेष्टिङ सम्मका कार्यहरु आदी) सम्बन्धि विवरण ।

५. चालु आ.व. २०८२/८३ मा निवेदकले कष्टम हायरीङ सेन्टरवाट कृषकहरुलाई कृषि यान्त्रिकरण सेवा पुर्याउन सक्ने क्षेत्र र क्षेत्रफलको विवरण ।

६. गत आ.व. २०८१/०८२ मा कष्टम हायरीङ सेन्टरवाट प्रदान गरिएको सेवाको प्रकार, क्षेत्रफल, लावन्भित कृषक र सेवा शुल्क सम्बन्धि विवरण ।

७. चालु आ.व.२०८२/०८३ मा कष्टम हायरीङ सेन्टरबाट निवेदक संस्थाले दिने सेवाका लागि प्रस्तावित सेवा शुल्क।

०८२/०५/०९

**सागर विष्ट**
**प्रमुख**

फोन नः०२३-४५२०५६/४५२५४६ ईमेलःakcjhapa@gmail.com वेवसाईटःjhapa.akc.gov.np